# <u>विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३</u>

*प्रमाणीकरण मिति :*

२०८३।०६।२३

**संवत् २०८३ सालको अध्यादेश नं. ०९**

## <u>विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश</u>

**<u>प्रस्तावना</u>** : विपद् व्यवस्थापनसम्बन्धी कार्यलाई व्यवस्थित गर्न केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस अध्यादेशको नाम "विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा संशोधन</u>** : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को,-



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(१) दफा १६ को उपदफा (२) पछि उपदफा (२क) थपिएको छ :-

"(२क) विपद्पश्चात् क्षतिग्रस्त सार्वजनिक पूर्वाधार, आवास तथा अत्यावश्यक सेवा पुनःस्थापना वा पुनर्निर्माण गर्न आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा, माटो वा अन्य निर्माण सामग्री जिल्लाभित्र उपलब्ध भएमा, प्रचलित कानूनबमोजिम प्राविधिक तथा वातावरणीय दृष्टिले उपयुक्त स्रोत र आवश्यक परिमाण यकिन गरी जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले सम्बन्धित स्थानीय तह वा निकायलाई त्यस्तो सामग्री उपलब्ध गराउन वा सोको सङ्कलन, उत्खनन, ढुवानी तथा उपयोगका लागि आवश्यक अनुमति दिन वा सहजीकरण गर्न निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन सम्बन्धित स्थानीय तह वा निकायले प्राथमिकताका साथ कार्यान्वयन गर्नु पर्नेछ।"

(२) दफा २४ को उपदफा (४) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) दफा १६ को उपदफा (२क) बमोजिम दिइएको निर्देशन सम्बन्धित स्थानीय तह वा निकायले कार्यान्वयन नगरेमा,"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) दफा ३४ पछि देहायको दफा ३४क. थपिएको छ:-

"३४क. <u>मृत्युको घोषणा गर्नसक्ने</u> : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्मा परी बेपत्ता भएका व्यक्तिको मृत्युको घोषणा कार्यकारी समितिको सिफारिसमा नेपाल सरकारले गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यकारी समितिले सिफारिस गर्नुअघि बेपत्ता नेपाली नागरिकको हकमा बेपत्ता व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय तहबाट भएको सिफारिसको आधारमा सम्बन्धित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णय सहित प्राधिकरणमा प्राप्त सूची उपर तथा बेपत्ता विदेशी नागरिकको हकमा सम्बन्धित मुलुकको नेपाल स्थित नियोग वा नेपाल हेर्नेगरी तोकिएको नियोगबाट प्राधिकरणमा प्राप्त सूची उपर बेपत्ता व्यक्ति जीवित रहेको वा फेला परेको भए निज वा एकाघरको परिवारले दाबी पेश गर्न सात दिनको समय दिई राष्ट्रियस्तरको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचीमा उल्लिखित व्यक्ति मध्ये कुनै व्यक्ति जीवित रहेको वा फेला परेको भनी उपदफा (२) बमोजिमको सूचनाको समयावधिभित्र कसैले दावी वा विरोध गरेमा त्यस्तो व्यक्ति जीवित रहेको यकिन गरी सूचीबाट निजको नाम हटाई बेपत्ता व्यक्तिको मात्र मृत्यु घोषणा गर्न कार्यकारी समितिले सिफारिस गर्नेछ।

(४) उपदफा (१) बमोजिम मृत्युको घोषणा भएका व्यक्तिको विवरण प्राधिकरणले आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम नेपाल सरकारले मृत्युको घोषणा गरेका व्यक्तिका हकमा प्रचलित कानूनबमोजिम मृत्युको न्यायिक घोषणा गरिरहनु पर्नेछैन।

(६) उपदफा (१) बमोजिम मृत घोषित भइसकेको व्यक्ति जीवित रूपमा फर्की आएमा मृत्युको घोषणा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बदर गर्न निज वा निजको परिवारको सदस्यले निवेदन दिएमा जाँचबुझ गरी नेपाल सरकारले उपदफा (१) बमोजिमको मृत्युको घोषणा बदर गर्नेछ।

तर,

(१) मृत घोषित व्यक्तिको कानून बमोजिमको अधिकारमा कुनै प्रतिकूल असर पर्नेछैन।

(२) मृत घोषित व्यक्तिको परिवारले पाएको राहत तथा क्षतिपूर्तिमा कुनै असर पर्नेछैन।

(३) मृत घोषित व्यक्तिको पत्नीले त्यस्तो घोषणा पछि अर्को विवाह गरेको रहेछ भने मृत घोषित व्यक्तिसँगको वैवाहिक सम्बन्ध पुन: स्थापित हुन सक्नेछैन।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) दफा ३९ को उपदफा (२) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) विपद्‌बाट बेपत्ता हुने व्यक्तिको परिवारलाई उपलब्ध गराउनुपर्ने न्यूनतम राहत सम्बन्धी,"

३. **<u>राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा संशोधन</u>** : राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को,-

(१) दफा १८ को खण्ड (ख) पछि देहायका खण्ड (ख१) र (ख२) थपिएका छन् :-

"(ख१) खण्ड (ख) बमोजिम सूचना गर्ने व्यक्ति नभएको अवस्थामा प्रचलित कानून बमोजिमको संरक्षक वा माथवरले वा त्यस्तो संरक्षक वा माथवर नभएमा स्थानीय तहको प्रमुख वा अध्यक्ष वा सम्बन्धित वडाको वडा अध्यक्षले,

(ख२) विपद्‌बाट मृत्यु वा बेपत्ता भएको विदेशी नागरिकको हकमा नेपालस्थित सम्बन्धित मुलुकको कूटनीतिक नियोग

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

वा नेपाल हेर्नेगरी तोकिएको सो मुलुकको कूटनीतिक नियोगले, "

(२) दफा १९ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

"(३क) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्को कारण मृत्यु भएको वा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३४क. बमोजिम मृत घोषणा भएको व्यक्तिको हकमा मृत्यु दर्ता गर्दा विलम्ब शुल्क लाग्नेछैन।"

(३) दफा २९ पछि देहायको दफा २९क. थपिएको छ :-

"**२९क.** **<u>विपद्बाट बेपत्ता व्यक्तिको घटना दर्ता सम्बन्धी विशेष व्यवस्था</u>** : (१) विपद्बाट बेपत्ता भएको व्यक्तिको हकमा विपद्सम्बन्धी प्रचलित कानूनबमोजिम मृत्युको घोषणा भएपछि दफा १८ को उपदफा (१) को खण्ड (ख) वा (ख१) बमोजिमको व्यक्तिले मृतकको स्थायी ठेगाना वा अस्थायी बसोबास रहेको स्थानीय तहको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

पञ्जिकाधिकारीको कार्यालयमा देहायका कागजातसहित मृत्यु दर्ताको लागि सूचना दिन सक्नेछ :-

(क) सूचना गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, र

(ख) विपद्सम्बन्धी प्रचलित कानूनबमोजिम नेपाल सरकारले मृत्युको घोषणा गरेको विवरणमा नाम समावेश भएको निस्सा।

(२) विपद्बाट मृत्यु भएको वा प्रचलित कानूनबमोजिम मृत्युको घोषणा भएको विदेशी नागरिकको हकमा दफा १८ को उपदफा (१) को खण्ड (ख२) बमोजिमको सूचकले सम्बन्धित मुलुकको नियोग रहेको स्थानीय तहमा वा नेपालमा नियोग नरहेका मुलुकको नागरिकको हकमा विभाग रहेको स्थानीय तहको पञ्जिकाधिकारीको कार्यालयमा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

देहायका कागजातसहित मृत्यु दर्ताको लागि सिफारिससहित सूचना दिन सक्नेछ :-

(क) मृतकको राहदानी वा प्रवेशाज्ञा, र

(ख) विपद्सम्बन्धी प्रचलित कानूनबमोजिम नेपाल सरकारले मृत्युको घोषणा गरेको विवरणमा नाम समावेश भएको निस्सा।

(३) उपदफा (२) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि बेपत्ता व्यक्तिको राहदानी वा प्रवेशाज्ञा पेस गर्न नसक्ने अवस्था भएमा सम्बन्धित मुलुकको सरकारबाट जारी भएको पहिचान खुल्ने आधिकारिक कागजात पेस गर्नु पर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) उपदफा (१) वा (२) बमोजिम सूचना प्राप्त भएमा सम्बन्धित स्थानीय पञ्जिकाधिकारीले तोकिएबमोजिम मृत्यु दर्ता गरी प्रमाणपत्र दिनेछ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय